अनिवार्य आधारभूत शिक्षाका लागि विद्यार्थी भर्ना, विद्यालय स्वागत तथा विद्यार्थी टिकाउ र सिकाइ उपलब्धिमा सुधार कार्यक्रम कार्यान्वयनका लागि क्षेत्रीय शिक्षा निर्देशनालय, स्थानीय तह, जिल्ला शिक्षा कार्यालय एवम् विद्यालयहरूलाई अनुरोध

शैक्षिक सत्र २०७५

"हामी सबैको इच्छा, अनिवार्य निःशुल्क आधारभूत शिक्षा "

(विद्यार्थी भर्ना कार्यक्रमको आदर्श वाक्य)

१. अनिवार्य शिक्षाका लागि विद्यार्थी भर्ना विद्यालय स्वागत तथा विद्यार्थी टिकाउ र सिकाइ उपलब्धिमा सुधार कार्यक्रम सञ्चालनका लागि "अनिवार्य आधारभूत शिक्षा कार्यान्वयन निर्देशिका–२०७१" मा व्यवस्था भए बमोजिम जिल्ला शिक्षा कार्यालयले जिल्ला कार्यक्रम कार्यान्वयन समितिको बैठक आयोजना गरी सघन रूपमा कार्यक्रम सञ्चालन गर्नुपर्ने क्षेत्र एवम् समुदाय विशेषका लागि कार्यक्रम सञ्चालन गर्न शिक्षा क्षेत्रमा कार्यरत सरकारी एवम् गैर सरकारी सङ्घसंस्था आदिको भूमिका किटान गर्ने ।

२. जिशिकाबाट स्थानीय तहका जनप्रतिनिधि, शिक्षा हेर्ने अधिकारी एवम् स्रोतव्यक्तिहरूको संयुक्त बैठक आयोजना गरी अनिवार्य आधारभूत शिक्षाका लागि विद्यार्थी भर्ना, विद्यालय स्वागत तथा विद्यार्थी टिकाउ र सिकाइ उपलब्धिमा सुधार कार्यक्रम कार्यान्वयनका लागि यस अनुरोधलाई एजेन्डाको रूपमा छलफल गरी हालसम्म पनि विद्यालयमा भर्ना हुन नसकेका बाल बालिकाहरूको सङ्ख्या बढी भएको क्षेत्र वा समुदाय विशेषमा सघन रूपमा भर्ना अभियान कार्यक्रम सञ्चालन गर्नका लागि कार्यक्रम एवम् कार्ययोजना बनाई कार्यान्वयन गर्ने ।

३. अनिवार्य आधारभूत शिक्षाका लागि विद्यार्थी भर्ना विद्यालयस्वागत तथा विद्यार्थी टिकाउ र सिकाइ उपलब्धिमा सुधार कार्यक्रमका लागि सबै विद्यालय, शिक्षकका पेसागत सङ्घ/सङ्गठनहरू, सामुदायिक अध्ययन केन्द्र, साक्षरता कक्षा केन्द्र, आय आर्जन समूहहरूलाई पूर्णरूपमा परिचालन गर्ने साथै स्थानीय पत्रकार, स्थानीय युवा समूह, महिला समूह, आमा समूह, वन समूह ,बाल क्लब, धर्मगुरु एवम् स्थानीय तहका सङ्घसंस्थाका साथै सहकार्य गर्ने बिभिन्न अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैर सरकारी सङ्घसंस्थाहरूबाट अधिकतम रूपमा सहयोग प्राप्त गरी परिचालन गर्ने वातावरण तयार गर्ने ।

४. शैक्षिक सत्र सुरु हुनुभन्दा अगावै नै हरेक विद्यालयले शिक्षा विभागको वेभसाइटमा राखिएको बालबालिकाहरूको वैयक्तिक विवरण सम्बन्धी घरधुरी सर्वेक्षण फाराम भरी आआफ्नो सेवा क्षेत्रभित्रका विद्यालयबाहिर रहेका विद्यालय उमेर समूहका बालबालिकाहरूको नाम नामेसी सहितको विवरण तयार गरी स्रोतव्यक्ति मार्फत स्थानीय तह एवम् जिल्ला शिक्षा कार्यालयमा पठाउने र जिल्ला शिक्षा कार्यालयले सोको समष्टिगत विवरण तयार गरी जिल्ला समन्वय समिति, क्षेत्रीय शिक्षा निर्देशनालय र शिक्षा विभागमा पठाउने व्यवस्था गर्ने ।

५. भर्ना कार्यक्रममा चार वर्ष उमेर पुरा गरेका बाल बालिकाहरूलाई प्रारम्भिक बालशिक्षा कक्षामा भर्ना गराउने व्यवस्था गर्ने ।

६. अनिवार्य आधारभूत शिक्षाका लागि विद्यार्थी भर्ना विद्यालयस्वागत तथा विद्यार्थी टिकाउ र सिकाइ उपलब्धिमा सुधार कार्यक्रम देहायअनुसार सञ्चालन गर्ने :

- ❖ वैशाखदेखि शैक्षिक सत्र प्रारम्भ हुने जिल्लाहरूले २०७५ वैशाख १ गतेदेखि १४ गतेसम्म पहिलो चरणममा भर्ना हुन आउने विद्यार्थीहरूलाई पूर्ण सेटमा पाठ्य पुस्तक र मुस्कान सहितको फूल अबीर तथा स्थानीय संस्कृति अनुसार स्वागत गर्दै विद्यालयको पठनपाठन कार्यलाई नियमितरुपमा सञ्चालन गर्ने ।
- ❖ जिल्लाहरूले विद्यार्थी भर्ना, विद्यालय स्वागत तथा विद्यार्थी टिकाउ कार्यक्रमलाई प्रभावकारी बनाउन प्रधानाध्यापक, शिक्षक ,विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक सङ्घले स्थानीय समूह, सङ्घ/संस्था र अभिभावक परिचालन गरी शै.स. शुरु हुने महिनाको १४ गतेसम्म विद्यालयमा भर्ना हुन नआएका आफ्ना सेवा क्षेत्रभित्रका सूचीकृत गरिएका बाल बालिकाहरूका लागि दोस्रो चरणमा भर्ना गर्न निमन्त्रणा पत्रसहित घरदैलो भ्रमण गरी अभिभावकलाई शिक्षाको महत्व सम्बन्धी परामर्श गरी सम्बन्धित महिनाको १५ गतेदेखि ३० गतेसम्म भर्ना गराउने ।
- ❖ अनिवार्य शिक्षाका लागि विद्यार्थी भर्ना, विद्यालयस्वागत तथा विद्यार्थी टिकाउ र सिकाइ उपलब्धिमा सुधार कार्यक्रम दोस्रो चरणमा नै आ-आफ्नो जिल्लाहरूमा अनिवार्य तथा निःशुल्क शिक्षा लागू गर्नका लागि लक्षित समूहका विद्यालय उमेर समूहका कुनैपनि बाल बालिका विद्यालयबाहिर नरहने गरी प्रतिबद्धताका साथ कार्यक्रम घोषणा गर्ने ।
- ❖ अनिवार्य शिक्षाका लागि विद्यार्थी भर्ना, विद्यालयस्वागत तथा विद्यार्थी टिकाउ र सिकाइ उपलब्धिमा सुधार कार्यक्रमबाट भर्ना भएका बाल बालिकाहरू वा यस अगाडि नै भर्ना भइसकेका बाल बालिकाहरूलाई टिकाइ राख्न र गुणात्मक शिक्षाको व्यवस्थापनका लागि विद्यालयले अवलम्बन गर्नुपर्ने समाहित शिक्षा पद्धतिमा आधारित बालमैत्री, लैङ्गिक मैत्री विद्यालय वातावरण विकासका लागि विद्यालय सुधार योजना तर्जुमा गरी समन्वयात्मक रूपमा सञ्चालन गर्ने ।

७.. आआफ्नो जिल्लाको विद्यालय बाहिर रहेका Hard to reach समूहका बाल बालिकाहरू पत्ता लगाई तिनीहरूलाई विद्यालयमा भर्ना गरी निरन्तर रूपमा टिकाउनका लागि कार्य योजना निर्माण गरी कार्यान्वयन गर्ने ।

८. जिल्ला भित्र बोलिने स्थानीय भाषामा स्थानीय परिवेश अनुसार प्रचार प्रसार सामग्री निर्माण गरी प्रचार प्रसार गर्ने ।

९. जिल्लाको औसत खूद भर्ना दर भन्दा कम रहेका स्रोतकेन्द्र ,गाउँपालिका., नगरपालिका ,वडा तथा पिछडिएको क्षेत्रका खास क्षेत्र (Pocket Area) पहिचान गरी स्थानीय तहसँगको समन्वय र सहकार्यमा सघन रूपमा कार्यक्रम सञ्चालन गर्ने ।

१०. खूद भर्ना दर शतप्रतिशत (१००प्रतिशत) पुगेका स्रोतकेन्द्र, गाउँपालिका, नगरपालिका एवम् वडा र गाउँसमेत घोषणा गरी त्यस्ता क्षेत्रका विद्यालयलाई सम्मान गरी कार्यक्रमबारे सम्पूर्ण क्षेत्रमा प्रचार प्रसार गराउने ।

११. सबै विद्यालयहरूले आआफ्नो स्रोतकेन्द्रसँग समन्वय गरी आआफ्नो सेवा क्षेत्रभित्रका विद्यालयबाहिर रहेका बाल बालिकाको सम्पूर्ण विवरणसहितको सामाजिक नक्साङ्कन गरी लक्षित बाल बालिकाहरूलाई विद्यालयमा भर्ना गर्ने र टिकाउने क्रियाकलाप आआफ्नो विद्यालयसुधार योजनामा समावेश गरी कार्यान्वयन गर्ने ।

१२. स्रोतकेन्द्रले स्रोतकेन्द्रस्तरमा र जिल्लाले जिल्लास्तरमा आफ्नो सेवा क्षेत्रभित्र कोही पनि विद्यालयउमेर समूहका बाल बालिकाका विद्यालय बाहिर नरहेको घोषणा गरेका अथवा अनिवार्य निःशुल्क आधारभूत शिक्षा लागू गरेका विद्यालयहरूसँग सफल अभ्यासहरूका बारेमा छलफल गरी यस सम्बन्धमा प्रतिबद्धता जाहेर गर्ने र सो कुराको प्रचार प्रसार गर्ने गराउने ।

१३. बहिरा तथा सुस्तश्रवण, दृष्टिविहीन, न्यून दृष्टियुक्त, शारीरिक, बौद्धिक, अटिजम, स्वरबोलाइ, श्रवणदृष्टिविहीन लगायत सबै किसिमका अपाङ्गता भएका बाल बालिकाहरूलाई उमेर अनुसार मिल्दो प्रारम्भिक बाल शिक्षा कक्षा तथा विद्यालयहरूमा निःशुल्क भर्नाको व्यवस्था मिलाउने । अपाङ्गताको अवस्थाका आधारमा विद्यालयमा तालिम प्राप्त शिक्षक नभएको अवस्थामा समावेशी शिक्षा स्रोतकक्षा वा एकीकृत विद्यालय वा विशेष विद्यालयमा सिफारिश गरी पठाउने व्यवस्था मिलाउने ।

१४. नयाँ भर्ना हुन आउने बाल बालिकाहरूका लागि जन्मदर्ता प्रमाण पत्र पेश गरिनुपर्ने र जन्मदर्ता नभएका बाल बालिकाहरूको हकमा विद्यालयमा भर्ना गरी जन्मदर्ता गराउन सहजीकरण गर्ने साथै जन्मदर्ता प्रमाण पत्रमा उल्लेख भएको जन्मदर्ता नम्बर विद्यार्थी भर्ना अभिलेख तथा विद्यार्थी हाजिरी पुस्तिकामा अभिलेखीकरण गरी उक्त जन्मदर्ता नम्बर सम्बन्धित विद्यालयको विद्युतीय शैक्षिक सूचना पद्धतिमा प्रविष्टि (Entry) गर्ने ।

१५. नयाँ भर्ना भएका बाल बालिकाहरूको नियमित रूपले Tracking गरी भर्ना र टिकाउको विश्लेषण गर्ने साथै गत वर्ष घरधुरी सर्वेक्षण गरी विवरण संकलन भएका ५ जिल्ला (बारा, पर्सा, रौतहट, सर्लाही र महोत्तरी) हरूको हकमा विद्यालय बाहिर रहेका बाल बालिकाहरूलाई विद्यालयमा भर्ना गरी तिनीहरूको नामनामेसी सहितको विवरण लगत कट्टाको लागि स्थानीय तह एवम् जिल्ला शिक्षा कार्यालयमा पेश गर्ने ।

१६. विद्यालयउमेर समूहका सबै बाल बालिका भर्ना गर्ने विद्यालयहरूले नयाँ भर्ना गरेका विद्यार्थी सहितको विवरण जिशिका मार्फत शिक्षा विभागमा तुरुन्त पठाउने ।

१७. हरेक विद्यालयले कक्षागत, बिषयगत सिकाइ उपलब्धि विश्लेषण गरी आगामी शै.स.का लागि सिकाइ उपलब्धि लक्ष्य एकीन गर्ने र सो प्राप्तिका लागि कार्ययोजना निर्माण एवम् कार्यान्वयन गर्ने साथै उक्त लक्ष्य विद्यालय, स्रोतकेन्द्र र जिल्लागत रूपमा तयार गरी प्रदर्शन एवम् सार्वजनिक गर्ने गराउने ।